# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❐ वर्ष : २५ ❐ अंक : २४९ ❐ आइतवार, ७ असार, २०८३ ❐ Sunday, 21 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


# बैंकमा थन्किएको पैंसा न छोरीले पाइन् नत प्रदेश सरकारले फिर्ता ल्यायो

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ५ असार

कर्णाली प्रदेश सरकारले ठूलो आशा र उत्साहका साथ सुरु गरेको 'बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको' कार्यक्रम अन्ततः नीति तथा कार्यक्रम र बजेटबाटै हटेको छ।

प्रदेश सरकारले नयाँ जन्मिने छोरीको भविष्य सुरक्षित गर्ने उद्देश्यले २०७६ सालमा यो कार्यक्रम सुरु गर्दा त्यसलाई सामाजिक रूपान्तरणको अभियानका रूपमा प्रस्तुत गरिएको थियो। बालविवाह न्यूनीकरण, छोरीमाथिको विभेद अन्त्य र उच्च शिक्षामा सहयोग गर्ने लक्ष्यसहित सुरु भएको यो कार्यक्रम हटाउनु मात्र समस्या समाधान होइन। छोरीहरूको नाममा बैंकमा जम्मा भएको करोडौं रुपैयाँ अब के हुन्छ ? यो प्रश्न अझै अनुत्तरित छ।

छोरीहरूको नाममा खोलिएका खातामा जम्मा भएको करोडौं रुपैयाँ न त छोरीहरूले उपयोग गर्न पाएका छन्, न प्रदेश सरकारले त्यो रकम फिर्ता ल्याउन सकेको छ। वर्षौंदेखि बैंक खातामा थन्किएको त्यो रकम अहिले सम्बन्धित बैंकहरूले नै सञ्चालन गरिरहेका छन्। रकमको स्वामित्व कसको हो, त्यसको उपयोग कहिले र कसरी हुन्छ भन्ने प्रश्नको स्पष्ट जवाफ प्रदेश सरकारसँग छैन।

२ पुस २०७६ मा तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले गृहजिल्ला कालिकोट पुगेर कार्यक्रमको शुभारम्भ गरेका थिए। त्यसबेला यो कार्यक्रमलाई कर्णालीको सामाजिक सुधार अभियानका

☞ बाँकी पृष्ठ २




## जम्मा भएको रकमको हिसाब छैन

तीन वर्षसम्म प्रदेश सरकारले स्थानीय तहमार्फत करोडौं रुपैयाँ छोरीका नाममा रहेको खातामा जम्मा गरेको थियो। तर त्यसपछिका वर्षमा कार्यक्रम रोकिन पुगेपछि पहिले जम्मा भएको रकमको व्यवस्थापनबारे स्पष्ट नीति बन्न सकेको छैन।

यसरी छोरीहरूको नाममा खोलिएका खातामा रहेको रकम अहिले बैंकमै थन्किएको छ। छोरीहरूले उमेर नपुगेकाले निकाल्न पाएका छैनन्। अर्कोतर्फ प्रदेश सरकारले पनि रकम फिर्ता ल्याउने कुनै प्रक्रिया अघि बढाएको छैन। फलस्वरूप करोडौं रुपैयाँ निष्क्रिय अवस्थामा बैंकिङ प्रणालीभित्र घुमिरहेको छ। यो रकमको भविष्यबारे सरकार मौन छ भने अभिभावक अन्योलमा छन्।

कार्यक्रमको वित्तीय भार असह्य बन्दै गएपछि सरकारले कार्यविधि संशोधन गरेर निरन्तरता दिने प्रयास गरेको थियो। त्यसका लागि स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिसँग पटक-पटक छलफल तथा अन्तर्क्रिया पनि गरियो। तर यस्ता छलफलबाट पनि निकास निस्केको छैन।

आर्थिक वर्ष २०७९/८० मा मात्रै यस्ता कार्यक्रमका लागि २८ लाख ७० हजार रुपैयाँ खर्च भयो। त्यसपछि २०८०/८१ मा 'छोरी जीवन बीमा' अवधारणामा रूपान्तरण गर्ने प्रयास गर्दै थप ६ लाख ९० हजार रुपैयाँ खर्च गरियो। तर चार वर्षको बहस, छलफल र करिब ३५ लाख रुपैयाँ खर्चपछि पनि न कार्यविधि संशोधन भयो, नत कार्यक्रमले नयाँ स्वरूप पायो।

सामाजिक विकास मन्त्रालयका एक कर्मचारीका अनुसार कार्यक्रम सुरु गर्दा यसको दीर्घकालीन आर्थिक दायित्वको पर्याप्त अध्ययन गरिएको थिएन। भने सबै छोरीलाई समेट्ने महत्वाकांक्षी योजना थियो, तर त्यसलाई

☞ बाँकी पृष्ठ २

# आफ्नै कीर्तिमान तोड्दै सलिमले बनाए नयाँ राष्ट्रिय रेकर्ड




❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ असार

वीरेन्द्रनगरमा जारी ४६औं राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका खेलाडी सलिम देवानले पुरुष लङजम्पमा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन्। उनले आफ्नै नाममा रहेको पुरानो रेकर्ड तोड्दै ७ मिटर ५८ सेन्टिमिटरको जम्प गरेका हुन्।

देवानले यसअघि सन् २०२५ अगस्ट १० मा भारतको भुवनेश्वरमा आयोजित वर्ल्ड एथलेटिक्स कन्टिनेन्टल टुर ब्रन्च प्रतियोगितामा सात मिटर ३२ सेन्टिमिटरको जम्प गर्दै राष्ट्रिय रेकर्ड आफ्नो नाममा लेखाएका थिए। एक वर्ष नपुग्दै उनले सोही कीर्तिमानलाई २६ सेन्टिमिटरले सुधार गर्दै नयाँ इतिहास रचेका हुन्।

४६औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिताका टेक्निकल डाइरेक्टर चन्द्रबहादुर गुरुङका अनुसार देवानले प्रतियोगिताको क्रममा सात मिटर ५८ सेन्टिमिटरको उत्कृष्ट जम्प गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका हुन्। यो प्रदर्शनसँगै उनी नेपाली एथलेटिक्समा लङजम्प विधाका सर्वाधिक सफल खेलाडीमध्ये एकका रूपमा थप स्थापित भएका छन्।

राष्ट्रिय प्रतियोगितामा नयाँ कीर्तिमान कायम भएपछि देवानको प्रदर्शनलाई नेपाली एथलेटिक्सको महत्वपूर्ण उपलब्धि भएको टेक्निकल डाइरेक्टर गुरुङले बताए।

अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत उनको प्रदर्शनबाट नेपालले थप सफलता हासिल गर्ने अपेक्षा गरिएको उनको भनाइ छ।

## विश्वकप फुटबल :

# ब्राजिलले खेल त जित्यो, तर 'रियल ब्राजिल' अझै देखिन बाँकी

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ असार

विश्वकप फुटबल २०२६ अन्तर्गत समूह 'सी' को दोस्रो खेलमा ब्राजिलले हाइटीलाई ३-० ले पराजित गर्दै प्रतियोगितामा पहिलो जित निकालेको छ। तर सहज जित हात पारे पनि प्रशिक्षक कार्लो एन्सेलोटीको टोलीले अपेक्षित प्रदर्शन गर्न नसकेको भन्दै प्रश्न उठ्न थालेका छन्।

फिलाडेल्फियास्थित रङ्गशालामा ब्राजिलको गौरवशाली इतिहासको झल्को देखिएको थियो। सन् २००२ मा विश्वकप जितेको टोलीका सदस्य रोनाल्डिन्हो दर्शकदीर्घामा उपस्थित थिए भने समर्थकहरूले विश्वकप ट्रफीका डमी हल्लाउँदै टोलीलाई उत्साह प्रदान



गरेका थिए।

ब्राजिलको जितमा माथ्युस कुन्हाले दुई गोल गरे भने भिनिसियस जुनियरले एक सुन्दर गोल थपे। तीनै गोल पहिलो हाफमै भएका थिए। यससँगै ब्राजिलले प्रतियोगितामा पहिलो जित र पहिलो 'क्लिन सिट' निकाल्यो।

तर खेलको दोस्रो हाफले भने चिन्ता बढाएको छ। फिफा वरीयतामा ब्राजिलभन्दा ८० स्थानभन्दा तल रहेको हाइटीविरुद्ध ब्राजिलले दोस्रो हाफमा लक्ष्यतर्फ एउटा पनि प्रहार गर्न सकेन। उल्टै हाइटीले दोस्रो हाफमा सात प्रहार गर्दा ब्राजिलका नाममा केवल दुई प्रयास मात्रै रहे।

यो हारसँगै हाइटी विश्वकप २०२६ बाट बाहिरिने पहिलो टोली बनेको छ।

एन्सेलोटी सन्तुष्ट

प्रतियोगिताको पहिलो खेलमा मोरक्कोसँग १-१ को बराबरी खेलेको ब्राजिल अहिले दुई खेलबाट चार अङ्कसहित नकआउट चरण नजिक पुगेको छ। यद्यपि टोलीको

☞ बाँकी पृष्ठ २


## मौसमजन्य झाडापखालाबाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्यूँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

*स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं*
*चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

आइतवार, ७ असार, २०८३
Sunday, 21 June 2026

## सम्पादकीय

# खर्च र स्वार्थका लागि डिपीआर नबनाऔं

कर्णाली प्रदेशमा विकास निर्माणका योजनाहरूलाई व्यवस्थित र कार्यान्वयनयोग्य बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) आवश्यक मानिन्छ । तर पछिल्ला वर्षहरूमा डिपीआर निर्माण विकासको आधार तयार गर्ने माध्यमभन्दा पनि बजेट खर्च गर्ने औजारका रूपमा प्रयोग भइरहेको देखिन थालेको छ । करोडौं रूपैयाँ खर्च गरेर तयार गरिएका प्रतिवेदनहरू कार्यान्वयनमा नजाँदा राज्यकोषको प्रभावकारी उपयोगमाथि गम्भीर प्रश्न उठेको छ । गत आर्थिक वर्ष २०८१/०८२ मा मात्रै प्रदेश सरकारअन्तर्गतका विभिन्न कार्यालयहरूले डिपीआर निर्माणमा चार करोड ५३ लाख रूपैयाँभन्दा बढी खर्च गरेका छन् । तर तीमध्ये अधिकांश योजनाको निर्माण प्रक्रिया नै सुरू हुन नसकेको तथ्यले योजना छनोट, प्राथमिकता निर्धारण र बजेट व्यवस्थापनको कमजोरी उजागर गरेको छ । विकासका नाममा तयार गरिएका प्रतिवेदनहरू फाइलमै सीमित हुनु दुर्भाग्यपूर्ण मात्र होइन, सार्वजनिक स्रोतको दुरूपयोग पनि हो ।

सार्वजनिक खरिद ऐन, २०६३ ले उपलब्ध जनशक्तिबाट काम सम्पन्न गर्न नसकिने अवस्थामा मात्रै परामर्श सेवा खरिद गर्न सकिने स्पष्ट व्यवस्था गरेको छ । तर कर्णालीका धेरै कार्यालयमा इन्जिनियर तथा प्राविधिक जनशक्ति हुँदाहुँदै बाह्य परामर्शदाता नियुक्त गरेर डिपीआर तयार गराउने प्रवृत्ति बढ्दो छ । यसले कानुनी व्यवस्थाको मर्ममाथि प्रश्न उठाउनुका साथै अतिरिक्त आर्थिक भार पनि थपेको छ । प्रदेश सरकार स्थापना भएयता हजारौं योजनाको डिपीआर तयार भएको बताइन्छ । तर तीमध्ये ठूलो हिस्सा कार्यान्वयनको चरणमै पुग्न सकेको छैन । निर्माणका लागि बजेट सुनिश्चित नभएका, आवश्यकताको स्पष्ट मूल्यांकन नगरिएका तथा प्राथमिकताबाहिर रहेका योजनामा समेत लाखौं रूपैयाँ खर्च गरेर प्रतिवेदन तयार गरिनु राज्यकोषप्रतिको गैरजिम्मेवारीपन हो । यसले विकास योजनाभन्दा पनि खर्च देखाउने प्रवृत्तिलाई प्रोत्साहन गरिरहेको आभास हुन्छ । महालेखापरीक्षकको कार्यालयले वर्षेनी आफ्ना प्रतिवेदनमार्फत यस्ता कमजोरी औंल्याउँदै आएको छ । योजना कार्यान्वयनको सुनिश्चितता, बजेट उपलब्धता र वास्तविक आवश्यकताको आधारमा मात्र डिपीआर निर्माण गर्नुपर्ने सुझाव पनि दिँदै आएको छ । तर व्यवहारमा सुधार नआउनु झन् चिन्ताको विषय बनेको छ । महालेखाका सुझावहरू केवल प्रतिवेदनका पानामा सीमित हुने हो भने सुशासन र वित्तीय अनुशासनको अपेक्षा निरर्थक हुनेछ ।

डिपीआर निर्माण आफैंमा समस्या होइन । समस्या भनेको कार्यान्वयनको स्पष्ट आधारबिना प्रतिवेदन तयार गर्ने, त्यसका लागि अनावश्यक परामर्श सेवा खरिद गर्ने र अन्ततः योजनालाई अलपत्र छाड्ने प्रवृत्ति हो । विकासको वास्तविक मापन कति डिपीआर बनाइयो भन्ने होइन, कति योजना सफलतापूर्वक सम्पन्न भए भन्ने आधारमा हुनुपर्छ । कर्णालीमा विकास निर्माणलाई प्रभावकारी र परिणाममुखी बनाउने हो भने योजना छनोटदेखि बजेट सुनिश्चितता र कार्यान्वयनसम्मको स्पष्ट प्रणाली विकास गर्नुपर्छ । डिपीआर निर्माणलाई उपलब्धिको सूचक मान्ने परिपाटी अन्त्य गर्दै खर्चको प्रतिफल सुनिश्चित गर्ने संस्कृतिको विकास आवश्यक छ । अन्यथा राज्यको करोडौं रूपैयाँ वर्षेनी कागजी योजनामै सीमित हुने र विकासको अपेक्षा केवल नारामा मात्र सीमित रहने खतरा रहिरहनेछ । त्यसैले खर्च र स्वार्थमाका लागि मात्रै डिपीआर नगरौं । आवश्यक कार्यान्वयन हुने योजनामा समयमै डिपीआर निर्माणदेखि योजना कार्यान्वयनमा ध्यान दिन जरूरी छ ।

# ‘संघीय लोकतान्त्रिक गणतन्त्र’को अद्यावधिक मीमांसा !



✍ नकुल काजी

देश र देशबासीका हकमा गणतान्त्रिक शासन व्यवस्थाको सारभूत सिद्धान्तले जसरी पाइला टेक्नु पर्दथ्यो, त्यसरी टेक्यो कि टेकेन ?- सो सिद्धान्तप्रदत्त प्रणालीको स्थापना भएको १७ वर्षयता यस्ता मूलभूत प्रश्नहरूलाई गणतन्त्रका अगुवा तथा देशका उपल्ला मुखियाहरूका स्वार्थ उल्लोलित थिचोमिचोले अहिलेसम्ममा अपारगामी राख्ने अपराध गर्दै आएका छन् । अर्थात्, यस अवधिमा, गणतन्त्रका प्रति आत्मनिवेदित, निश्छल एवम् सकारात्मक कलमहरूले यसै (गणतन्त्र)-को आभ्यासिक धरातलमा उभिएर, ‘देखी जान्ने साक्षी’-को रूपमा यसका रोदित-क्रन्दित जिजीविषा लक्षित हजारौं, सम्भवतः लाखौं, प्रश्न अघि नसारेका पनि होइनन् । ती सबै उनै उपल्लाहरूका मैमत्त दलनमा निर्ममतापूर्वक किचिएर, थिचिएर, मिचिएर अनस्तित्व बनेर गएका छन् । यसै त, यही जेठ १५ गते अठारौं वर्षमा पाइला टेकेको नेपाली गणतन्त्र (‘ लोकतान्त्रिक ?’ गणतन्त्र)-ले उसको अभ्यासमा देश र देशबासीलाई सर्वोपरि मान्न नसकिरहेका गुनासा समेत छताछुल्ल छँदैछन् । त्यसैले यतातिर बढी लम्किरहने जरुरी पनि उत्ति देखिन्न ! किनभने, राज्यकोष र अन्य राजकीय स्रोतहरूको मनमौजी भोगचलनमा उनै उदम्भर र बकवेदान्ते रथि-सारथिहरू मगनमस्त भएकाले गणतन्त्रको सौन्दर्यले अनेक रोगका प्रकोपको सामना गर्नु परिरहेको अवस्था अहिले पनि रंग परिवर्तनको फेरोमा अपरिवर्तित र बरकरार छँदैछ ! सचेत नेपालीका अकण्टक अवबोधन नै हो यो र हो- अन्तरस्थ नै भए पनि, आम नागरिक अनुभूतिगत बोधको सक्कली चित्र पनि ! २०४६ सालको परिवर्तन अघिको २३९ वर्षे राजतान्त्रिक शासनकालको परम्परागत भोगाइबाट अन्तर्भूत अनुवंशीय मानसिकताले मात्र होइन, इतिहासको शुरुदेखिकै अभ्यासको वंशानुगत बोधद्वारा रत्याइएको मनोविज्ञानले निर्देशित जन्मजात नेपाली । त्यस (२०४६साल)-यता आफ्ना औसत बोधशक्तिले जे बुझे त्यही गर्नेगर्नु अनौठो कुरो थिएन र होइन । अर्थात्, उनीहरूले विभिन्न पार्टीभित्र जसरी-तसरी मुन्टो लुकाए । तीमध्ये अधिकांशले दुर्दम्य बाध्यतावश त्यसो गर्नु परेको थियो । अथवा, त्यति नगरे तिनको जीवन-व्यवहार सुचारु हुन सम्भव थिएन । यसो किनभने परिवर्तनकारी पार्टीका अगुवाहरूको प्रतिबद्धता हेरेर ‘परिवर्तन’-ले खुट्टो टेक्ने विश्वास पनि गर्नपर्ने स्वाभाविक र एकोहोरो परिस्थिति पनि थियो । प्रजातान्त्रिक वा लोकतान्त्रिक व्यवस्थाले नै स्थायित्व लिन्छ भने र आफूमा रहेको रुढ वैचारिक हठ (?) दीर्घायु हुँदैन भने बरू समयमै पार्टीको पछ्यौरा समाउनु बुद्धिमानी हुन्छ भन्ने सोचले नै अधिकतर व्यक्तिलाई अन्धाधुन्ध पार्टी प्रवेश गराएको थियो ।

तथापि, समय गुज्रिदै जाने क्रममा प्रायशः पार्टी अगुवा (नेता)-हरूका प्रतिबद्धता खलनायकीय संवादका रूपमा निस्सृत रहेछन् भन्ने जनमनले थाहा पाउँदै गयो; तिनका प्रतिको विश्वासमा पहिरो लड्दै गयो वा आधारभूत अविश्वास बढ्दै गयो । र, त्यो फेरि विश्वास तर्फ फर्किने आशाका आधारहरू टुट्दै गए, धैर्यका बाँधहरू फुट्दै गए । समयमुताबिक सामाजिक परिस्थिति बद्लिनु र त्यसै वातावरण अनुकूल सामाजिक पृष्ठभूमि तयार हुनु त विश्व-मानव समाजको अदमनीय नैसर्गिकता नै हो । फलतः त्यो अक्करिलो स्थितिलाई समन गरी यो ताजा वर्तमानले अंगीकार गरिरहेको विकल्प-बोधक स्थितिको बीजारोपण भएको हुन सक्तछ । तर, यो परिवर्तित परिस्थितिले पनि लोक-अभीप्सालाई सम्बोधन गर्ला भन्ने लक्षण देखाइरहेको छैन ! बरू पुरानै गति-मतिलाई पुनरावृत्त गर्ने बाटो अख्तियार गर्ला कि भन्ने शंकालाई मलजल गर्न थालेका दृश्यावली देखाउन थालिएको छ । विश्वकै अत्याज्य, अपरिहार्य र जीवन-दैनिकीका प्रति सचेत हुन अनिवार्य विषय त दैनिकी निर्वहनको सोच-अवधारणा हुँदै हो । अर्थात्, जीवन निर्वाह र त्यस अन्तर्गत आउने पेशागत व्यावहारिक र व्यावसायिक बाध्यता, यो शताब्दी-सान्दर्भिक ‘ मान्छे’ मात्रको लागि पनि, प्राकृत रूपमै अपरिहार्य हुनु अनौठो पनि होइन । त्यसलाई सुचारु, सहज र सरल राख्ने कुराले मान्छे मात्रमा सर्वोपरि महत्व राख्तछ । जीवन-दैनिकी शान्त, व्यवधानमुक्त, सुरक्षित, द्विविधारहित, अन्योलमुक्त, निश्चिन्त र निर्भय राख्ने ध्याउन्न नै वस्तुतः प्रेक्षित जीवनचर्या हो । नेपालीका यिनै आभ्यन्तरिक मनोवैज्ञानिक भावधाराको मूर्त क्रान्ति नै गत २०८२ साल भदौमा ‘जेन्-जेड’ वयका युवाहरूको क्रान्ति थियो । त्यो क्रान्तिले सबै वय वर्गका नेपालीको हार्दिक संगति पाउनुका आधारहरू पनि उपर्युक्त बमोजिम नै थिए । आजका सत्ताधारीलाई प्राप्त ‘आश्चर्यजनक र अकल्प बहुमत’ त्यसैको प्रभावी र अद्भुत प्रकरण मान्नै पर्दछ । अर्थात्, यही ‘संघीय लोकतान्त्रिक गणतन्त्र’-को ढोल/ढ्यांग्रो ठोकेर मुलुकमा ‘लूटतन्त्र’ अनुरूप ‘प्रतिबद्धता’ नामे प्रलापले नागरिक कित्तालाई ढाँटका सदृष्ट-अदृष्ट प्रकरणहरूमा अल्मल्याएर आजको ‘समृद्धि’-मा ढल्केकाहरूले एकातिर यो व्यवस्था अनुकूल शासकीय अभ्यासको मार्गाचित्र नै नबनाई जतातते सत्ता खोसाखोसको उफ्रीपाफ्री र गुल्च्याइँ गरिरहे । अर्कातर्फ, नेपाललाई अन्तर्राष्ट्रिय शक्ति-संघर्षको सुरक्षित थलो मान्नेहरूले, यहाँ सत्तामा बारम्बार पालो फेर्ने पार्टीहरूका मौजूदा नेतृत्वलाई नचाउने मदारीको हैसियत धारण गर्न सजिलो वातावरण बनिरह्यो ! यसले पनि देशभक्त नेपालीलाई बेस्सरी डहन थालेको थियो । जम्मैमा, ‘संघीय लोकतान्त्रिक गणतन्त्र’-को स्थापनापछि सत्तासीन पार्टीहरूले पालैपालो त्यसलाई ‘आफ्नो अधिकारको वस्तु’ जस्तो ठानेर मनचाहे खेलाएका हुन् र त्यो एउटा ‘वृत्ति’ तहमा पुगेर चरम अपमानित र प्रताडित हुँदै आएको थियो । कतिपय घोचक तथा लोकतान्त्रिक गणतन्त्रका लागि बिब्ल्याँटा र उरन्ठेउला कथा-प्रकरीहरू त यसको १७ वर्षे उमेरका ६ हजार २०५ दिनको दोबर-तेबर संख्यामा आउने होलान् ! र, आज फेरि पनि त्यस्तै दुर्दिन पुनरावृत्त हुने लक्षण देखा पर्दैछ ! यो व्यतिरेक सोचको कारक काया त यही जेठ १७ गते देशको दोस्रो महत्वपूर्ण अंग (व्यवस्थापिका)-को प्राङ्गणमा देख्ने दुर्भाग्य नै भयो ! देशको अझ महती प्रथम अंगका प्रमुख किंवा देशको उपल्लो निर्देशक ‘संविधान’-द्वारा अहर्निश निर्दिष्ट हुनैपर्ने कार्यकारी अख्तियारवाहक प्रधानमन्त्रीले नै बालसुलभ रूपमा त्यो काया नाङ्गै देखाएका छन् । ११ सय वर्ष पुरानो इतिहास बोकेको सानो र निर्बल राष्ट्र सिक्किममाथि त सन् १९५० देखि आफ्नो दासता लाद्दै ल्याएर सन् १९७४ मा, साँपले भ्यागुता निले झैं निलेको जगजाहेर छ ! भूटान आज पनि अर्द्ध-संरक्षित देश बन्नु परेकाले भित्रभित्रै छट्पटाइरहेको छ । दक्षिण-पश्चिम प्रशान्त महासागरीय सानो टापु, तर सार्वभौम राष्ट्र, फिजीको नामसँग त जनसंख्या अतिक्रमणको हकमा इण्डियनसँग ‘विस्तारवादी’-को दुर्नाम गाँसिइरहेकै छँदैछ । साँच्चै यो वर्तमानले अपदस्त तुल्याएको २०८२ साल भदौ २३ सम्मको सरकारकालमा त ‘लोकतान्त्रिक गणतन्त्र’ बिचराको आत्मा दिवंगत भइसकेर त्यसको कंकाल मात्र बाँकी थियो भन्दा पनि हुने अवस्था थियो । लोकतन्त्रमा ‘गलत क्रियाकलाप’-सँग असहमति जनाउनु अथवा त्यस्ता क्रियाकलापको विरोध हुनु कुनै खतराको विषय थिएन । बरू त्यसलाई गणतान्त्रिक समृद्धि-विकासको संकेत र प्रणालीको सकारात्मक शक्तिवृद्धि मान्नुपर्ने हुन्थ्यो । तर, त्यसो भएन मात्र होइन, अबोध बाल-बालिका समेत ७६ नेपालीको हत्या नै गरियो ! आफ्नो इच्छित सत्ताको राइँदाइँ र रजाइँ सुरक्षित गर्ने स्वार्थका लागि यस्ता बर्बर कुकर्मसम्म खुलेआम गरियो ! यद्यपि, त्यो पाषाण उदरम्भरी शासकको क्रूर शासकीय अध्याय सधैंका लागि समाप्त भई शासकीय लयमा लोकतन्त्रानुकूल सुधार आइदिए मात्र पनि ती ७६ शहीदहरूको उचित सम्मान हुने आजको उपल्लो अपेक्षा थियो । र, ‘लोकतान्त्रिक गणतन्त्र’-को जिजीविषाले पुकारिरहेको पनि यही थियो - चाहे त्यो पुकार स्वाभाविक मौन गुम्फनमै किन नहोस् ! तर, आज फेरि ‘बहुमतको गुमान’, दैनन्दिन प्रखर हुँदै गएको व्यवहार र अबोधगम्य ‘मौन’ गर्जन मुखर हुन थालेको छ !

## ब्राजिलले...

प्रदर्शनबारे उठेका प्रश्नप्रति प्रशिक्षक एन्सेलोटी सकारात्मक देखिए।

खेलपछि उनले भने, ‘ पहिलो हाफमा हामी धेरै राम्रो थियौं । दोस्रो हाफमा उनीहरूले केही नियन्त्रण बढाए, तर हामीसँग थप गोल गर्ने अवसर पनि थिए। समग्रमा यो राम्रो खेल थियो ।’ कुन्हालाई के आगामी खेलमा पनि मुख्य अट्याकमा खेलाइने हो भन्ने प्रश्नमा उनले स्पष्ट जवाफ दिएनन् । ‘हेरौंला। रक्षापङ्क्तिलाई समस्या सिर्जना गर्न कुन्हाको भूमिका प्रभावकारी रह्यो। उनले पास वितरण पनि राम्रो गरे। यो एउटा विकल्प हुन सक्छ’, उनले भने ।

३४ वर्षिय नेयमारलाई टोलीमा समावेश गर्दा धेरैले आश्चर्य व्यक्त गरेका थिए । ब्राजिलका सर्वाधिक गोलकर्ता नेयमारले अक्टोबर २०२३ यता राष्ट्रिय टोलीका लागि खेल्न सकेका छैनन् ।

पिँडुलाको समस्याका कारण उनी हाइटीविरुद्धको खेल खेल्न त परै जाओस्, फिलाडेल्फिया नै पुगेका थिएनन्। तर एन्सेलोटीले स्कटल्यान्डविरुद्धको खेलका लागि उनी उपलब्ध हुने जानकारी दिएका छन् ।

‘नेयमारले आइतबार व्यक्तिगत प्रशिक्षण गर्नेछन् र सोमबार टोलीसँग अभ्यासमा सहभागी हुनेछन्। उनी स्कटल्यान्डविरुद्ध उपलब्ध हुनेछन्’, एन्सेलोटीले बताए।

युरोपेली फुटबल विश्लेषक जेम्स होर्नक्यासल नेयमारजस्ता खेलाडीलाई मैदानमा नियन्त्रण गर्न कठिन हुन्छ, किनभने उनको खेलशैलीले विपक्षीलाई ट्याकल गर्न आकर्षित गर्ने बताउँछन्। एन्सेलोटीले स्टार खेलाडीहरूलाई एकजुट बनाएर उत्कृष्ट टोली निर्माण गर्न सक्ने क्षमता राख्ने उनले बताए ।

यद्यपि फ्रान्सेली फुटबल विश्लेषक जुलियन लोरेन्स भने नेयमार विश्वकप टोलीमा हुन योग्य नरहेको मान्छन्। हालै क्लब सान्तोसका युवा खेलाडी रोबिन्हो जुनियरलाई प्रशिक्षणका क्रममा थप्पड हानेपछि नेयमारले सार्वजनिक रूपमा माफी मागेका थिए।

राफिन्हाको चोटले चिन्ता

ब्राजिलका लागि अर्को चिन्ताको विषय राफिन्हाको चोट बनेको छ। विश्वकप छनोट चरणमा पाँच गोल गरेका राफिन्हा खेलको ४० औं मिनेटमा चोटग्रस्त हुँदै मैदानबाट बाहिरिएका थिए।

“उनको अवस्थाबारे थप जानकारी भोलि प्राप्त हुनेछ,” एन्सेलोटीले बताए।

एन्ड्रिकको विश्वकप डेब्यु

ब्राजिलका समर्थकका लागि सकारात्मक पक्ष भने युवा फरवार्ड एन्ड्रिकको विश्वकप डेब्यु रह्यो । १९ वर्षिय एन्ड्रिक ६४औं मिनेटमा कुन्हाको स्थानमा मैदान प्रवेश गर्दा दर्शकले उभिएर स्वागत गरेका थिए।

यससँगै उनी विश्वकपमा ब्राजिलको प्रतिनिधित्व गर्ने सातौं सबैभन्दा कम उमेरका खेलाडी बने। यद्यपि उनको एक गोल अफसाइडका कारण रद्द भयो। उनले मैदानमा केवल आठ पटक बल छोए भने दुई पास मात्रै पूरा गर्न सके । हाइटीविरुद्धको खेल ब्राजिलले विश्वकप इतिहासमा तीन वा सोभन्दा बढी गोल गरेको ४१औं खेल थियो, जुन कुनै पनि राष्ट्रको तुलनामा सबैभन्दा धेरै हो।

## जम्मा...

धान्ने वित्तीय आधार तयार गरिएको थिएन ।

आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमबाट छोरी बचत कार्यक्रम हटाइएको विषयमा विभागीय मन्त्री घनश्याम भण्डारी नै स्पष्ट देखिँदैनन् कर्णालीमा छोरी जन्मिँदा राज्यले साथ दिन्छ भन्ने सन्देश बोकेको कार्यक्रम अहिले राज्यकै बेवास्ताको प्रतीक बनेको हो । नीति तथा कार्यक्रमबाट हटाइएको योजनाले बैंक खातामा थन्किएको रकमको भविष्यबारे कुनै जवाफ दिएको छैन ।

छोरीहरूको नाममा जम्मा भएको पैसा उनीहरूले कहिले पाउँछन् ? यदि कार्यक्रम नै अन्त्य भएको हो भने रकमको व्यवस्थापन कसरी हुन्छ ? बैंकमा वर्षौंदेखि रोकिएको रकमको हिसाब-किताब कसले राख्ने ? यी प्रश्नहरूको उत्तर न त कार्यक्रम सुरु गर्ने नेतृत्वसँग छ, न अहिलेको सरकारसँग छ ।

अहिलेलाई करोडौं रुपैयाँ बैंकमा छ, तर त्यो रकम न छोरीहरूको हातमा पुगेको छ, न प्रदेश सरकारको खातामा फर्किएको छ ।

## बैंकमा...

रूपमा प्रचार गरिएको थियो । कार्यविधिअनुसार नयाँ जन्मिने छोरीको खातामा पहिलो महिना एक हजार रुपैयाँ र त्यसपछि प्रत्येक महिना पाँच सय रुपैयाँ जम्मा गरिनुपर्ने व्यवस्था थियो । यस हिसाबले एउटी छोरी २० वर्ष पुग्दासम्म खातामा एक लाख २० हजार पाँच सय रुपैयाँ जम्मा हुने सरकारी परिकल्पना थियो ।

तर कार्यक्रम सुरु गर्दा दीर्घकालीन वित्तीय भारको यथार्थ मूल्यांकन गरिएन । केही वर्षमै सरकार आफैंले कार्यक्रमको आर्थिक दायित्व धान्न नसक्ने अवस्था देखियो । परिणाम स्वरुप २०७९ सालदेखि स्थानीय तहमा रकम पठाउन रोकियो । प्रदेश सरकारले २०७६/७७, २०७७/७८ र २०७८/७९ मा मात्र स्थानीय तहलाई रकम पठाएको हो ।

त्यसपछि लगातार चार आर्थिक वर्षदेखि रकम निकासा गरिएको छैन ।

तर कार्यक्रम औपचारिक रूपमा बन्द भएको घोषणा पनि भएन । यही अन्योलका कारण अहिले पनि कर्णालीका स्थानीय तहमा नवजात छोरीका नाममा बैंक खाता खोल्ने क्रम रोकिएको छैन । छोरीको नाममा सरकारले पैसा जम्मा गरिदिने कार्यक्रमबाट लाभ लिने सोचले सुर्खेतको चौकुने गाउँपालिका-७ की सरस्वती धमला एक महिने छोरीलाई काखमा च्यापेर गत वैशाखमा पालिका कार्यालय पुगेकी थिइन् ।

तर पालिकाले प्रदेशबाट रकम नआएको जानकारी दिए पनि खाता खोल्न भने सिफारिस गरिदिएको उनको भनाइ छ । त्यसपछि बैंकमा पुगेर छोरीको नाममा खाता खोखेको उनी बताउँछिन् । यस्तै आशामा कर्णालीका हजारौं अभिभावक अझै छोरीको नाममा खाता खोलिरहेका छन् ।

# तलब नपाएपछि शिक्षक धर्नामा



**काँक्रेविहार संवाददाता**

दैलेख, ६ असार

गाउँपालिकाभित्रका ३९ सामुदायिक विद्यालयका शिक्षकलगायत अन्य सहयोगीले लामो समयदेखि तलब नपाएको भन्दै विद्यालय बन्द गरेर धर्नामा उत्रिएका छन् ।

दैलेखको ठाटीकाँध गाउँपालिकाको विद्यालयमा कार्यरत पालिका अनुदान शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगी गरी ९६ जनाले तलब पाएका छैनन् । पालिकाले करिब दुई करोड ८५ लाख ७८ हजार रुपियाँ तलब शिक्षकलाई दिन बाँकी रहेको जनाइएको छ ।

संयुक्त शिक्षक तथा विद्यालय कर्मचारी सङ्घर्ष समितिका अनुसार पालिका अनुदान शिक्षकले ११ महिनादेखि, बालविकास सहजकर्ताले १४ महिनादेखि र विद्यालय कर्मचारीले १९ महिनादेखि तलब पाएका छैनन् । बारम्बार सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको उनीहरूको भनाइ छ ।

गाउँपालिकाले विभिन्न समयमा तलब भुक्तानी गर्ने प्रतिबद्धता जनाए पनि हालसम्म कार्यान्वयन नभएको ठाटीकाँध गाउँपालिका अनुदान सङ्घर्ष समितिका अध्यक्ष कमलकुमार खत्रीले बताए । उनले माग पूरा नभएसम्म समितिले विद्यालयको पठनपाठन प्रभावित बनाउने, शिक्षा शाखासहित गाउँपालिकाका विभिन्न प्रशासनिक कार्यालयमा तालाबन्दी गर्ने तथा आन्दोलनका कार्यक्रमलाई थप सशक्त बनाउने निर्णय गरेको जनाए । उनले समस्या समाधान नभएसम्म आन्दोलन जारी रहने पनि बताए ।

“लामो समयदेखि तलब नपाउँदा शिक्षक तथा कर्मचारीको दैनिक जीवनयापन नै कठिन बनेको छ, पटक पटक आग्रह गर्दा पनि सुनुवाइ नभएपछि विद्यालय बन्द गरेर आन्दोलन गर्न बाध्य भएका हौं,” उनले भने ।

गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख नेत्रबहादुर थापाले शिक्षक तथा कर्मचारीको तलब भुक्तानीका लागि पहल भइरहेको बताए । उनले लामो समयदेखि तलब नपाउँदा शिक्षक आक्रोशित बनेका र तलब नपाउँदासम्म विद्यालय सञ्चालन नहुने बताए । दुई महिनाको भुक्तानी दिने निर्णय भए पनि शिक्षकले सबै तलब पाउने माग गरेपछि समस्या भएको उनको भनाइ छ । साथै उनले आन्दोलनका कारण विशेष गरी विद्यार्थीको पढाइ प्रभावित भएकोसमेत जनाए ।

“शिक्षक तथा कर्मचारीले लामो समयदेखि पारिश्रमिक नपाउँदा समस्या हुनु स्वाभाविक हो, गाउँपालिकाले समस्या समाधानका लागि आवश्यक पहल गरिरहेको छ,” शिक्षा अधिकृत थापाले भने, “विद्यालय बन्द हुँदा हजारौं विद्यार्थीको पढाइ प्रभावित भएको छ भने अभिभावक र सरोकारवालाले पनि समस्या छिटो समाधान गर्न सम्बन्धित पक्षसँग आग्रह गरेका छन् ।”

सङ्घर्ष समितिले शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको श्रमको सम्मान गर्दै तत्काल तलब भुक्तानीको व्यवस्था गर्न माग गरेको पनि उनले बताए । आन्दोलनलाई रोजगारी र बाँच्न पाउने अधिकारसँग जोडिएको विषयका रूपमा व्याख्या गर्दै माग पूरा नभएसम्म आन्दोलन नरोकिने बताएका छन् ।

# आवास नबनेपछि भूकम्पपीडित चिन्तित

**काँक्रेविहार संवाददाता**

जाजरकोट, ६ असार

जाजरकोमा भूकम्प गएको करिब २९ महिना भइसक्दा पनि आवास निर्माणमा सरोकारवाला निकायले बेवास्ता गरेपछि पीडित निराश भएका छन् ।

भूकम्पबाट आवासविहीन भएका सर्वसाधारण सरकारले दिएको ५० हजार रुपियाँ अनुदानमा अस्थायी आवासमा बस्दै आएका थिए । २९ महिना हुनै लाग्दा पनि सरकारले सुरक्षित आवासको व्यवस्था नगर्दा स्थानीय चिन्तामा परेका छन् । बर्सातको मौसममा यहाँ जनजीवन निकै कष्टकर हुने गर्छ ।

बारेकोट गाउँपालिका अध्यक्ष वीरबहादुर गिरीले सरकारले पुनर्निर्माणका लागि क्षतिको यकिन विवरण आकलन (डिडिए) गर्न आएका प्राविधिकले त्रुटि गरेपछि समस्या भएको बताए । सरकारले (डिडिए) मा खटाएका प्राविधिकले वास्तविक तथ्याङ्क सङ्कलन गर्दा पुनर्निर्माण अलमलमा परेको छ ।

एकै प्रकृतिको एउटा पुनर्निर्माणमा पर्ने, अर्को नपरेको भन्दै पीडितले भने विरोध गरेका छन् । प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले भूकम्पले



घरबारविहीन भएका जनताका निजी आवास निर्माणका लागि स्थानीय तहबाट आएका फाइलको अन्तिम रूप दिन सरकारले आठ जना प्राविधिक टोली खटाएको बताए ।

सरकारले छ जना जाजरकोट, दुई जना रुकुमपश्चिममा प्राविधिक टोली खटाएको छ । भेरी नगरपालिका-१, ३, ११ का लाभग्राहीको फाइल जाँचको काम सकेर ८ नम्बर वडा र नलगाड नगरपालिका-१ मा पनि सुरु गरिएको छ ।

भेरी र नलगाड नगरपालिकामा पाँच सय बढी सेवाग्राहीका फाइल जाँच भएको छ । नलगाड नगरपालिकाले लाभग्राहीसँग सम्झौता गरेको छैन ।

भेरी नगरपालिका-३ मा ९७ जनामध्ये ७८ जना पुनर्निर्माणमा पर्ने योग्य देखिएको प्राविधिक टोलीले पेस गरेको छ । प्रजिअ अधिकारीका अनुसार पुनर्निर्माणका लागि सम्झौता गरेका ६४१ जनामध्ये २५८ जनाले प्रक्रिया पूरा गरेका छन् । भेरी नगरपालिका र नलगाड नगरपालिकाका ११ हजारभन्दा बढी लाभग्राहीका कागजात जाँच गरी असार १५ गतेसम्म पुनर्निर्माणको काम अघि बढाउन प्राविधिकलाई निर्देशन दिइएको उहाँले बताए ।

नलगाड नगरपालिका-१ का कल्पना परियारले दिउँसो टिनको छानाभित्र पस्न नसकी दिनभर रुखको छहारीमा बसी बेलुका मात्र भित्र पस्ने गरेको बताए । अब बर्खायाम लागेकोले अस्थायी आवासमा कसरी बस्ने भन्ने उनलाई चिन्ता छ । अस्थायी आवासको बसाइ जोखिमपूर्ण भएपछि केही पीडितले लघुवित्तबाट महँगो कर्जा लिएर घर बनाउन थालेका छन् ।

स्थानीय तहले भूकम्पपछि तत्काल ४८ हजार लाभग्राही कायम गरे पनि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको (डिडिए) रिपोर्टमा १४ हजार २४५ पुनर्निर्माण, १२ हजार ७४४ प्रबलीकरणको प्रतिवेदन सार्वजनिक गरेको छ । (डिडिए) मा त्रुटि भएपछि पीडितले पुनः (डिडिए) गर्न माग गरेका छन् ।

# एमालेसँग एकताको कुनै सम्भावना छैन- माधव नेपाल

**काँक्रेविहार संवाददाता**

काठमाडौं, ६ असार

नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेकपा (एमाले) सँग तत्काल पार्टी एकताको कुनै सम्भावना नरहेको स्पष्ट पारेका छन् ।

शनिबार पेरिसडाँडामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले बाहिर आएका हल्लाहरूको पछि नलाग्न पनि कार्यकर्ता तथा बुद्धिजीवीहरूलाई आग्रह गरे ।

'एमालेसँग एकता हुन लागेको छ, भनिसकेपछि बुद्धिजीवीहरूमा पनि त्यसको प्रभाव पर्ने रहेछ । मलाई त फोनको जवाफ दिँदा-दिँदै हैरान भएको छु । तर यस्तो कुरा दुनियाँले पनि पत्याउने खालको छैन । एमालेसँग अहिले एकता सम्भव छ र? सम्भवै छैन ।

त्यसैले यस विषयमा तपाईंहरू कोही पनि भ्रममा नपर्नुहोस्,' उनले भने ।

नेता नेपालले अहिलेको मुख्य कार्यभार देशभक्त, क्रान्तिकारी र गणतन्त्र पक्षधर लोकतान्त्रिक शक्तिहरूलाई गोलबन्द गर्नु रहेको बताए ।

उनले राष्ट्रिय हित, जनहित र गणतन्त्रको रक्षा गर्ने जिम्मेवारी आफ्नो पार्टीको काँधमा रहेको दाबी समेत गरे ।

देशको रक्षा गर्ने जिम्मेवारी, राष्ट्रहितको रक्षा गर्ने जिम्मेवारी हाम्रो काँधमा छ । गणतन्त्रको रक्षा गर्ने जिम्मेवारी पनि हाम्रो काँधमा छ । जनताको हितको पक्षमा उभिने दायित्व पनि हाम्रै हो,' उनले भने ।

त्यसकारण जनताको पक्षमा, राष्ट्रको पक्षमा, परिवर्तनको पक्षमा र रूपान्तरणको पक्षमा स्पष्ट सोचका साथ हामी अगाडि बढ्नुपर्ने उनले बताए ।

'त्यसैका निम्ति हामीले 'वैज्ञानिक समाजवाद' र 'नेपाली विशेषताको समाजवाद' भन्ने गरेका छौं,' उनले भने ।

# माटोको ढिस्कोले पुरिँदा १७ वर्षिया किशोरीको मृत्यु

**काँक्रेविहार संवाददाता**

सुर्खेत, ६ असार

सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका-७ काठेघारीमा माटो खन्ने क्रममा माटोको ढिस्कोले पुरिँदा एक किशोरीको मृत्यु भएको छ ।

शनिवार बिहान करिब ११:५० बजे स्थानीय प्रतुस सुनारकी १७ वर्षीया श्रीमती निर्मला विक घरदेखि करिब १ किलोमिटर पूर्व-दक्षिण दिशामा रहेको जंगल क्षेत्रमा माटो खन्ने क्रममा माथिबाट खसेको माटोको ढिस्कोले पुरिएकी थिइन् । घटनामा गम्भीर घाइते भएकी उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनाबारे भेरीगंगा नगरपालिका-७ का वडा अध्यक्ष कर्णबहादुर मिजारले अस्थायी प्रहरी पोस्ट जहरे, सुर्खेतलाई जानकारी गराएपछि तत्काल प्रहरी परिचालन गरिएको थियो । अस्थायी प्रहरी पोस्ट जहरेबाट प्रहरी सहायक निरीक्षक प्रेमबहादुर गुरुङको कमाण्डमा २ जना र इलाका प्रहरी कार्यालय छिन्चुबाट प्रहरी निरीक्षक प्रकाशकुमार केसीको कमाण्डमा ५ जना प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो ।

घटनास्थल अस्थायी प्रहरी पोस्ट जहरेबाट करिब ४ किलोमिटर पूर्वमा पर्ने प्रहरीले जनाएको छ । घटनासम्बन्धी थप अनुसन्धान भइरहेको छ ।

# संविधान र गणतन्त्रका उपलब्धिको रक्षा गर्न प्रतिबद्ध छौं- रवि लामिछाने



**काँक्रेविहार संवाददाता**

काठमाडौं, ६ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले संविधान र संघिय लोकतान्त्रिक गणतन्त्रको उपलब्धिको रक्षा गर्न आफूहरु प्रतिबद्ध रहेको बताएका छन् ।

शनिवार चितवनमा बसेको रास्वपाको केन्द्रिय समिति बैठकमा उनले लुकमा आएको परिवर्तन र उपलब्धिहरू विगतका संघर्ष तथा बलिदानकै जगमा सम्भव भएको उल्लेख गर्दै लोकतान्त्रिक मूल्य-मान्यताप्रति सधैं प्रतिवद्ध रहने बताएका हुन् ।

'संघीय लोकतान्त्रिक गणतन्त्र, विभिन्न परिवर्तन, देशको संविधान, यो मुलुकलाई यहाँसम्म ल्याइ पुऱ्याउँदा भएका त्याग, बलिदान, संघर्षहरूको सम्मानको जगमा हामी उभिएका छौं र हामीलाई यसमा गर्व छ । हामी गर्वका साथ यो परिवर्तनको संघारमा उभिएका छौं र हिजोको त्याग र बलिदानीको उचाइको काँधमा उभिएको हुनाले, बस्न पाएको हुनाले नै हामी यति फराकिलो दृश्य देख्न पाइरहेका छौं । त्यसैले म तपाईंहरूलाई प्रतिबद्धताका साथ फेरि पनि भन्न चाहन्छु कि यी मूल्य र मान्यताहरू र लोकतन्त्रप्रतिको प्रतिबद्धताबाट हामी कहिल्यै विमुख हुने छैनौं, म कहिल्यै विमुख हुने छैन,' उनले भने । उनले पार्टीको आन्तरिक लोकतन्त्रलाई पनि मजबुद बनाउने बताए ।

पार्टी स्थापनाका समयमा केन्द्रिय समितिमा राख्ने मान्छे नपाएको स्मरण गर्दै उनले हाल केन्द्रिय समितिमा सबैभन्दा बढी आंकाक्षी देखिएको बताए । उनले महाधिवशेनमा स्वच्छ प्रतिस्पर्धा गर्न पनि आग्रह गरे ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

आइतवार, ७ असार, २०८३
Sunday, 21 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# क्यान्सरको औषधि सहजै उपलब्ध हुने

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ६ असार

विगत दुई महिनादेखि क्यान्सर रोगको उपचारका लागि प्रयोग हुने औषधिको अभाव रहेकामा अब सहज उपलब्ध हुनेछ।

औषधि व्यवस्था विभागका सूचना अधिकारी किरणसुन्दर बज्राचार्यले क्यान्सरको किमोथेरापी उपचारमा प्रयोग हुने औषधि केही दिनमा सहज उपलब्धता हुने बताए। उनले औषधिको अहिले केही सीमित ठाउँमा मात्र उपलब्ध गराउँदै आएकामा अब सहज रूपमा उपलब्ध गराइने बताए।

“औषधिको अभाव रहेकाले हामीले बिरामीलाई सहजताका लागि देशभरि केही ठाउँमा अस्पताल र फार्मेसीको नामै तोकेर उपलब्ध गराउने गरेका छौं”, उनले भने, “अब चाँडै नै




औषधिको आयातलाई सहज बनाएर बिरामीलाई सजिलै उपलब्ध गराउने छौं।” उनले सरकारले ती औषधिको मूल्य समायोजन गर्ने प्रतिबद्धता व्यक्त गरिसकेकाले सहज पाइने बताए। क्यान्सरको किमोथेरापी उपचारका लागि हुने ‘कार्बोप्लाटिन’, ‘सिस्प्लाटिन’ लगायत औषधिको अभाव विगत दुई महिनादेखि भएको हो।

विभागले ती औषधि पाउनका लागि जानकी अस्पताल नेपालगञ्ज, पूर्वाञ्चल क्यान्सर अस्पताल विर्तामोड, विराट मेडिकल कलेज विराटनगर, ववि‍ना फर्मा पोखरा, पुनम फार्मेसी धरान, राजदूत प्रालि भरतपुर, मल्ल फर्मास्युटिकल्स पोखरा, ताज नेपाल प्रालि काठमाडौं, डिकेएम फर्मास्युटिकल्स प्रालि काठमाडौं, सिजल फर्मा र अनमोल हेल्थ केयर काठमाडौंलाई औषधि सहजताका लागि सम्पर्क तोकिएको छ। किमोथेरापी उपचारका लागि सबभन्दा बढी ‘कार्बोप्लाटिन’ र त्यसपछि ‘सिस्प्लाटिन’ औषधि आवश्यक पर्दछ। सूचना अधिकारी बज्राचार्यका अनुसार अहिले नेपालमा ‘कार्बोप्लाटिन’ औषधि दुई हजार भाइल र ‘सिस्प्लाटिन’ ५० भाइल मात्र मौज्दात रहेको छ।

नेपालमा बिरामीका लागि महिनामा एक हजार भाइल ‘कार्बोप्लाटिन’ र ६०० भाइल ‘सिस्प्लाटिन’ आवश्यक पर्दछ। नेपाल औषधि आपूर्तिकर्ता सङ्घका अध्यक्ष पवन आचार्यले बिरामीको उपचारलाई अभाव हुन नदिनका लागि आफूहरूले महँगा भए पनि औषधि नेपाल आयात गरेर उपलब्ध गराइरहेको बताए।

उनले एक महिनालाई पुग्ने ‘सिस्प्लाटिन’ औषधि भारतबाट नेपाल आउने क्रममा रहेको जानकारी दिए। उनले सरकारले मूल्य समायोजन गरेपछि औषधिको अभाव नहुने बताए।

भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत क्यान्सर रोगको किमोथेरापीमा उपचारमा प्रयोग हुने औषधिको अभाव देखिएको हो।

# आजदेखि रास्वपाको पहिलो महाधिवेशन सुरू हुँदै




❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ६ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशन भोलि आइतबारदेखि चितवनको भरतपुरमा सुरु हुँदैछ। महाधिवेशनको संघारमा पार्टीको केन्द्रीय निर्वाचन आयोगले निर्वाचन कार्यतालिका तथा उम्मेदवारी दर्ताका लागि आवश्यक प्रक्रिया र शुल्कको विवरण सार्वजनिक गरेको छ।

पार्टीको निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार असार ६ गते राती ८:३० बजे पार्टीको वेबसाइटमार्फत महाधिवेशन प्रतिनिधिहरूको प्रारम्भिक नामावली प्रकाशन गरिएको छ। असार ७ गते राती ८:३० बजेसम्म चितवन औद्योगिक प्रदर्शनी केन्द्रमा रहेको निर्वाचन आयोगको सम्पर्क सचिवालयमा प्रतिनिधिहरूमाथि दाबी वा विरोध गर्न सकिने समय दिइएको छ भने सोही दिन राती ११ बजेसम्म प्रतिनिधिहरूको अन्तिम नामावली प्रकाशन गरिनेछ।

असार ८ गते दिउँसो १ बजेदेखि उम्मेदवारी मनोनयनका लागि फारम वितरण सुरु हुनेछ र दिउँसो २ बजेदेखि ४ बजेसम्म उम्मेदवारी मनोनयनपत्र दर्ता गरिनेछ। सोही दिन साँझ ६ बजे उम्मेदवारहरूको प्रारम्भिक नामावली प्रकाशन गरिनेछ र साँझ ६ बजेदेखि ७ बजेसम्म उम्मेदवारहरू विरुद्ध दाबी वा विरोध गर्ने समय तोकिएको छ। सोही दिन बेलुकी उम्मेदवारहरूको जाँचबुझ गर्ने तथा बेलुकी ५:१५ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने समय प्रदान गरिनेछ र राती ११ बजे उम्मेदवारहरूको अन्तिम नामावली सार्वजनिक गरिने छ। पार्टी सभापति र केन्द्रीय सदस्यहरूका लागि पहिलो चरणको मतदान असार ९ गते बिहान ८:३० बजेदेखि दिउँसो ३ बजेसम्म हुनेछ र मतदान सम्पन्न भएको दुई घण्टापछि मतगणना सुरु भई मतपरिणाम घोषणा गरिनेछ। दोस्रो चरणको उम्मेदवारी तथा थप निर्वाचन कार्यतालिका भने पछि प्रकाशन गरिने आयोगले जनाएको छ।

आयोगका प्रमुख भुवन केसीद्वारा जारी सूचना अनुसार विभिन्न पदका लागि उम्मेदवारी शुल्क, प्रस्तावक र समर्थकको संख्या निर्धारण गरिएको छ। जसअन्तर्गत पार्टी सभापति पदका लागि ५१,००० रुपैयाँ शुल्क तोकिएको छ भने उम्मेदवारीका लागि १ जना प्रस्तावक र ५१ जना समर्थक आवश्यक पर्ने व्यवस्था गरिएको छ।

यसैगरी, पार्टी पदाधिकारीका लागि ४१,००० रुपैयाँ उम्मेदवारी शुल्कका साथै १ जना प्रस्तावक र २१ जना समर्थक आवश्यक पर्नेछ। केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिन चाहनेले २१,००० रुपैयाँ शुल्क बुझाउनुपर्नेछ भने उम्मेदवारको पक्षमा १ जना प्रस्तावक र २१ जना समर्थक हुनुपर्नेछ। उम्मेदवार बन्नका लागि प्रस्तावक र समर्थक बस्ने व्यक्तिहरू अनिवार्य रूपमा महाधिवेशन प्रतिनिधि नामावली सूचीमा समावेश भएको पार्टी सदस्य हुनुपर्ने प्रावधान छ।

उम्मेदवारी दर्ताका लागि इच्छुक प्रतिनिधिहरूले भरिएको उम्मेदवारी मनोनयन पत्र फारामसँगै उम्मेदवारी शुल्क बुझाएको नगदी रसिद वा बैंक भौचर, आफूमाथि कुनै अनुशासन कारबाही नपरेको स्व-घोषणापत्र, पार्टी सदस्यता प्रमाणपत्रको प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

## जनहितमा जारी सूचना !

- कोहलपुर नगरपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि नगरपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि नगरपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ।
- नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
- समृद्ध, सुरक्षित र सुशासित शिवालय निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँके

## ब्लूबुक हराएको सूचना

सुर्खेतदेखि नेपालगञ्जतर्फ जाँदै गर्दा मेरो निम्न व्यहोरा भएको ब्लूबुक हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको ट्राफिक प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरीदिनहुन अनुरोध छ।

तपसिल:

**नाम:** प्रकाश पन्त
**गाडि नं.:** भे ९ प २१२१
**मो.नं.:** ९८५८०४४६८२
**ठेगाना:** वीरेन्द्रनगर, सुर्खेत

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका

आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)